नेपाल सरकार
संस्कृति, पर्यटन तथानागरिक उड्डयन मन्त्रालय

# पर्यटन विभाग

www.tourismdepartment.gov.np
Email:
info@tourismdepartment.gov.np
फ्याक्स नं.:- ४२२७२८१
फोन नं.:- ४२५६२२८,४२५६२३२,४२५६२३
महानिर्देशक :- ४२४७०३७
पर्यटक प्रहरी :- ४२४७०४१

भृकुटीमण्डप, काठमाडौं ।

पर्यटन विभाग
काठमाडौं
२०७१

पत्र संख्या :- ०७५/०७६
च.नं :- ४५६

मिति :- २०७५/०५/०४

श्री नेपाल नागरिक उड्डयन प्राधिकरण,
काठमाडौं ।

विषय :- आवश्यक नियमन तथा अनुगमन गरी सहयोग गरिदिनु हुन ।

प्रस्तुत विषयमा नेपाल सरकारको प्रचलित कानून बमोजिम यस बिभागबाट सम्पादन गरिने बिभिन्न कार्यहरूमध्ये ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीहरूको दर्ता गरी इजाजत समेत प्रदान गर्ने रहेको ब्यहोरा अवगत गराउदछु । पर्यटन ऐन, २०३५ को दफा ३(१) अनुसार ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको काम गर्न चाहने व्यक्तिले यस ऐन बमोजिम इजाजत पत्र लिनुपर्ने छ भन्ने उल्लेख भएको र ट्राभल तथा ट्रेकिङ्ग नियमावलीको नियम १४ मा इजाजत पत्र नलिई टिकेटको खरिद बिक्री गर्ने वा एजेन्टको काम गर्न नहुने स्पष्ट व्यवस्था भएको । सोही सन्दर्भमा यस बिभागबाट ट्राभल/ट्रेकिङ्ग एजेन्सीको रूपमा इजाजत प्राप्त नगरेका बिभिन्न संस्था/फर्महरूले समेत बिभिन्न वायुसेवाहरू मार्फत् ई-टिकेटिङ्गको कारोबार गर्ने गरेको बुझिन आएकोले उक्त कार्य कानूनतःअबैध रहेको र ब्यवहारिक रूपमा समेत इजाजत प्राप्त एजेन्सीहरूले आफू उपर अन्याय हुन गएको भनी यस बिभागमा गुनासो ब्यक्त गरेको साथै नेपाल एशोसिएशन अफ टूर एण्ड ट्राभल एजेन्टस्ले यस बिभागमा मिति २०७५।०४।२८ को पत्रमार्फत् हाल बजारमा ब्यापक रूपमा संचालित ई-सेवामार्फत् अवैध रूपमा बिभिन्न हवाई सेवा कम्पनीहरूको अनाधिकृत टिकेटिङ्ग गरिरहेको भनी निवेदन समेत पेश गरेको सन्दर्भमा त्यस प्राधिकरण अन्तर्गतका सम्पूर्ण वायुसेवा सञ्चालक निकायहरूलाई यस बिभागबाट नियमानुसार इजाजत प्राप्त गरेको प्रमाण पेश गरेका ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीहरूलाई मात्र टिकट उपलब्ध गराउने प्रबन्ध गर्न पत्राचार गरी उक्त कुराको पालना भए नभएको सम्बन्धमा अनुगमन समेत गरी सहयोग गरिदिनु हुन अनुरोध छ ।

(डण्डुराज घिमिरे)
महानिर्देशक